☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२९
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश, नेपाल

तानसेन, पाल्पा

प.स :- २०८३/०८४
च.न :- ८२

मिति : २०८३।४।१३
ने.सं.११४६

विषय : विवरण उपलव्ध गराउनु हुन ।

श्री वडा कार्यालय, सबै
तानसेन नगरपालिका, पाल्पा ।

प्रस्तुत विषयमा तानसेन नगरपालिकाको आ.व. २०८३/०८४ को नगर विकास योजनामा समावेश भएका कार्यक्रम तथा आयोजनाहरुको **बार्षिक खरिद योजना** सोही आ.व.को श्रावण महिना भित्रमा तयार गरी स्वीकृत गराउनु पर्ने कानूनी व्यवस्था बारे विदितै छ । यसै प्रयोजनार्थ चालु आ.व.को आ-आफना वडास्तरीय कुन कुन कार्यक्रम तथा आयोजनाहरु उपभोक्ता समिति मार्फत वा निर्माण व्यवसायी मार्फत गराउने हो ? सोको यकिन गरी योजनागत खरिद विधि सहितको विवरण मिति २०८३।४।१५ गते भित्रमा उपलव्ध गराउनु हुन अनुरोध छ ।
साथै सोही विषयमा मिति २०८३।४।११ गते नगर कार्यपालिका बैठकमा भएको छलफल बमोजिम चालु आ.व.२०८३/०८४ को बार्षिक नगर विकास योजनामा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने त्यस वडासँग सम्बन्धित आयोजना कार्यान्वयनको लागि मिति २०८३।४।३१ गते भित्रमा उपभोक्ता समिति गठन गरी आयोजना तथा कार्यक्रम कार्यान्वयनको कार्य प्रक्रिया अगाडि बढाउनु हुन समेत अनुरोध छ ।

.....................
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ :**
श्री प्रमुख ज्यू, तानसेन नगरपालिका, पाल्पा ।
श्री उप-प्रमुख ज्यू, तानसेन नगरपालिका, पाल्पा ।
**वोधार्थ :**
श्री वडा अध्यक्ष ज्यू : तानसेन नगरपालिका, पाल्पा : उल्लेखित बमोजिमका विवरण उपलव्ध गराउनु हुन तथा आवश्यक कार्यान्वयनको व्यवस्था हुन ।
श्री सूचना प्रविधि शाखा : Website मा Upload गरिदिनु हुन । साथै सम्बन्धित वडाहरु र पदाधिकारीलाई विद्युतीय माध्यम मार्फत पत्राचार एवं जानकारी गराउनु हुन ।